घ्याङलेख  गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०७/२५ गतेको बैठकको निर्णय अनुसार
गाउँ कार्यपालिकालेगरेको तपसिल अनुसारको नीति, निर्देशिका तथा कार्यविधि गाउँ
कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७६
को नियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।
वर्ष गत नं.:- ६
प्रमाणीकरण गर्नेको नाम,थर :- दाताराम प्याकुरेल
पद :- प्रमुख प्रशासकीय अधिकृत
हस्तक्षर :-
मिति :-२०८२/०७/२६

कार्यविधि नं. ०२

# घ्याङलेख गाउँपालिका प्रसुति बिदा सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८२

प्रमाणीकरण मिति :-२०८२/०७/२६
स्थानीय राजपत्रमा प्रकाशित मिति :-२०८२/०७/२६

घ्याङलेख गाउँपालिका
हायुटार, सिन्धुली
बागमती प्रदेश नेपाल

प्रस्तावना - घ्याङलेख गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत महिला शिक्षक प्रसुति हुँदाका बखत प्रसुति हुनु अघि वा पछि दिइने ९८ दिनको बिदामा पठन पाठनलाई निरन्तरता दिनका लागि सट्टा शिक्षक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र घ्याङलेख गाउँपालिका शिक्षा ऐन, २०७५ को दफा ६९ (२) ले दिएको अधिकार प्रयोग गरी घ्याङलेख गाउँकार्यपालिबाट यो कार्यविधि जारी गरिएको छ ।.

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ -(१) यस कार्यविधिको नाम "घ्याङलेख गाउँपालिका प्रसुति बिदा सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।।

२) यो कार्यविधि घ्याङलेख गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा - बिषय वा प्रङ्गगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "प्रसुति बिदा सट्टा शिक्षक" भन्नाले घ्याङलेख गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयका सबै तहका महिला शिक्षक प्रसुति हुँदा पठन पाठनलाई निरन्तरता दिन निजको सट्टामा ३ महिनाको अवधिका लागि राखिने बैकल्पिक शिक्षक सम्झनु पर्छ ।

ख) "समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ग) "छनौट समिति" भन्नाले प्रसुति शिक्षकको सट्टामा शिक्षण गर्न विद्यालय व्यवस्थापन समितिले गठन गरेको कम्तिमा ३ वर्ष शिक्षण पेशामा कार्यअनुभब भएको विज्ञ सहितको तीन सदस्यीय समिति सम्झनु पर्छ ।

घ) "गाउँपालिका" भन्नाले घ्याङलेख गाउँपालिका सम्झनु पर्छ ।

ङ) "कार्यपालिका" भन्नाले घ्याङलेख गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

३. उद्देश्य -

क) विद्यालयको पठनपाठनलाई निरन्तरता दिने ।

(ख) महिलामैत्री सहयोगात्मक अवस्था सृजना गर्ने ।

.

परिच्छेद २

प्रसुति बिदा सट्टा शिक्षक व्यवस्थापन विधि

४. प्रसुति बिदा स्वीकृत गर्ने सम्बन्धमा - (१) घ्याङलेख गाउँपालिका शिक्षा नियमावली, २०७६,परिच्छेद ११ विदा तथा काजसम्वन्धी व्यवस्थाको नियम ६२ उपनियम १ (घ) अनुसार प्रसुति विदा प्रसुति अघि वा पछि ९८ दिन बिदा लिन चाहने महिला शिक्षकले निरन्तर विदा लिन आवेदन विद्यालयमा दिने सो विदा सम्वन्धमा विद्यालय व्यवस्थापन समितिले अनुमोदन सहित गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा १ प्रति सक्कल/प्रतिलिपी मिसिल तयार गरी जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा दुई वटा सन्तान सम्म विदा लिन/दिन सकिनेछ।

५. प्रसुति सट्टा शिक्षक सूचिकृत हुने सम्वन्धमा- (१) पालिकाले कम्तिमा १५ दिनको सूचनामा ६ महिनाका लागि इच्छुक प्रसुति सट्टा शिक्षक सूचिकृतका लागि अनुसूची-१ अनुसार आवेदन लिइ अनुसूची-२ अनुसार पालिकामा सूचिकृत गर्नेछ ।

(२) सूचिकृत भएको प्रसुति सट्टा शिक्षकको योग्यताक्रम अनुसूची-२ अनुसारमा वेवसाइटमा सम्वन्धित सवैमा जानकारीका लागि वडा प्राथमिकीकरण सहित प्रकाशन गरिनेछ ।

६. प्रसुति सट्टा शिक्षक सूचिकृत भएको बाट सेवा करारमा लिन नसकेमा- दफा ५ अनुसारका पालिकामा सूचिकृत प्रसुति सट्टा शिक्षक उपलब्ध हुने अवस्था नभएमा विद्यालयले ७ दिनको खुल्ला दरखास्त आह्वान गरी योग्यता पुगेका सट्टा शिक्षक सेवा करारमा लिन सक्नेछ ।

७. प्रसुति बिदा सट्टा शिक्षक अनुमति सम्बन्धमा- (१) शिक्षा युवा तथा खेलकुद शाखामा १ प्रति सक्कल/प्रतिलिपी मिसिल तयार गरी जानकारीका साथ विद्यालयले प्रसुति बिदा सट्टा शिक्षकको अनुमति माग गर्नु पर्नेछ । कार्यालयले आवश्यक जाँचबुझ सहित अनुमति प्रदान गर्नेछ ।

२) तोकिएको छनौट समिति मार्फत सट्टा शिक्षक छनौट गरी रेकर्ड कायम साथै अनुदान निकासाको लागि गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ ।

८. प्रसुति बिदा सट्टा शिक्षक छनौट समिति - (१) यस कार्यविधि बमोजिम सट्टा शिक्षक छनौटका लागि विद्यालय व्यवस्थापन समितिले देहाय बमोजिमको छनौट समिति गठन गर्नेछ :

क) सम्बन्धित विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष - संयोजक

ख) कम्तीमा ३ वर्षको कार्य अनुभव भएका सम्बन्धित विषय विज्ञ - सदस्य

ग) सम्बन्धित विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । पालिकालाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

९. छनौट प्रक्रिया - (१) विद्यालयले पालिकामा सूचिकृत प्रसुति सट्टा शिक्षकहरुका लागि ३ दिनको दरखास्त आह्वान सहित योग्यता क्रम,वडा प्राथमिकीकरणको आधारमा सूचिकृतबाट शिक्षक प्राप्त गरिनुको साथै सो बाट सम्भावना नभएमा न्यूनतम शैक्षिक योग्यता भएका योग्य नेपाली नागरिकहरुबाट कम्तिमा सात दिनको सूचना दिई दरखास्त माग गर्नका लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

२) विद्यालयले आवेदकहरुको दरखास्त सङ्कलन गरी छनौट समिति समक्ष पेश गर्नु पर्नेछ ।

३) उक्त दरखास्तका आधारमा छनौट समितिले मौखिक/प्रयोगात्म परीक्षा गरी उपयुक्ताको आधारमा सट्टा शिक्षक छनौट गर्नेछ ।

१०. छनौटको आधार - सट्टा शिक्षक छनौट गर्न देहाय बमोजिमको अङ्क भार कायम गरिनेछ -

क) शिक्षण अनुभव वापत २ अङ्क (प्रति बर्ष १ अंक,महिनाको हिसाव १ अंकलाई चनचुन महिनामा रुपान्तरण)

ख) न्यूनतम शैक्षिक योग्यता वापत २ (प्रथम श्रेणी भए २ अङ्क, द्वितीय श्रेणी भए १ अङ्क)

नोट - GPA लाइ प्रतिशतमा लैजान (GPA*२५)-१०= Total %

ग) माथिल्लो शैक्षिक योग्यता भए १ अङ्क (प्रथम श्रेणी भए १ अङ्क, द्वितीय श्रेणी भए आधा अङ्क)

GPA लाइ प्रतिशतमा लैजान (GPA*२५)-१०= Total %

घ) विज्ञले दश अङ्कको प्रयोगात्मक परीक्षा र १० अकको अन्तरवार्ता लिइनेछ ।अन्तर्वार्तामा समितिमा रहेको ३ जनाको औषत अंक गणना गरिनेछ ।

११. समय अवधि - सट्टा शिक्षकको कार्य अवधि ३ महिनाको हुनेछ । तर सो अवधिभित्र तीन दिनभन्दा बढी विभिन्न बिदा (हिउँदे, वर्षे तथा दशैं तिहार जस्ता) पर्न गएमा उपस्थित दिनको मात्र पारिश्रमिक पाउने छ ।

१२. पारिश्रमिक - प्रसुति बिदा सट्टा शिक्षकमा नियुक्ति हुने शिक्षकका लागि गाउँपालिकाको तर्फबाट विद्यालय खातामा मासिक वाह्र हजार रुपैयाँ अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

१३. विदा - प्रसुति विदा सट्टा शिक्षकको विदाको हकमा शनिवार र बढीमा ३ दिन सम्मको निरन्तर सार्वजिनीक विदालाई मात्र मासिक अवधिमा गणना गरिने छ ।

परिच्छेद ३

विविध

१४. प्रचलित कानुन लागू हुने - प्रसुति बिदा सट्टा शिक्षक व्यवस्थापन सम्बन्धमा प्रचलित घ्याङलेख गाउँपालिका शिक्षा नियमावली, २०७६ मा उल्लेख भएमा सो बमोजिम र उल्लेख नभएको अवस्थामा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ । गाउँपालिकाबाट तलबभत्ता लिने शिक्षकको हकमा मात्र यस कार्यविधि लागू हुनेछ । विद्यालयले नियुक्त गरेको निजी शिक्षकको हकमा लागू हुने छैन ।

१५. कार्यविधि संशोधन - गाउँपालिकाको कार्यपालिकाले यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

१६. खारेजी तथा बचाउ - यस कार्यविधि नेपाल सरकार, प्रदेश सरकार र घ्याङलेख गाउँपालिकाको शिक्षा ऐन/नियमावलीमा भएको व्यवस्थाहरु यस कार्यविधिसंग बाझिन गएमा बाझिएको हदसम्म कार्यविधिमा उल्लेखित व्यवस्था खारेज हुनेछ ।

अनुसूची -१

दफा ५ (१) सँग सम्बन्धित

प्रसुति बिदा सट्टा शिक्षकका लागि सूचिकृत हुने सम्वन्धी निवेदन ढाँचा

मिति -

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
घ्याङलेख गाउँपालिका, गाउँकार्यापालिकाको कार्यालय हायुटार,सिन्धुली ।

विषय- प्रसुति बिदा सट्टा शिक्षकका लागि सूचिकृत हुने सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा यस पालिका अन्तर्गत प्रसुति विदामा बसेका क्षिक्षकको सट्टामा पालिकाले उपलब्ध गराएको न्यूनतम पारिश्रमिकमा जुनसुकै विद्यालयमा तोकिएको समयसम्मका लागि अध्यापन गर्न जुनसुकै समयमा इच्छुक रहेकोले यदि सूचिकृत पछि कार्य गर्न असमर्थ हुने अवस्थामा कारण सहित कार्यालयमा जानकारी हुने गरी तपसिलमा उल्लेखित विवरण सहित आवश्यक विवरण पेश गरेको छु ।

तपसिल-

१. व्यक्तिगत विवरण-

क) निवेदको नाम थर - ख) ठेगाना-

ग) जन्ममिति - उमेर :

घ) शैक्षिक योग्यता : ङ) माथिल्लो शैक्षिक योग्यता-

च) अध्ययन गर्न चाहेको तहमा रेजा लगाउने - बालबिकास/आधारभूत तह कक्षा १-५/आधारभूत तह कक्षा ६-८

छ) नेपाल ए; वि आई वैक खाता न. -

ज) रोजगारीको स्थिति - रोजगार ☐ बेरोजगार ☐

२. शैक्षिक विवरण- +२ माथिको

| क्र.स. | अध्ययन गरेको शैक्षिक संस्था | विषय | उत्तीर्ण साल | श्रेणी/GPA | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३. अध्यापन अनुभव-

| क्र.स. | अध्यापन गरेको शैक्षिक संस्था | तह | देखि | सम्म | जम्मा अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | जम्मा अवधि | | | | | |

४। अध्यापन गर्ने इच्छुक वडा प्राथामिकीकरण- १.. ..,२.....,३.......,४........ र ५......

५. माथि उल्लेख गरेको व्यहोरा ठिक/साँचो छ। झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउला।

<u>नोट-निवेदन साथ पेश गर्नु पर्ने कागजात</u> <u>निवेदक</u>

१. नागरिकताको प्रतिलिपि। नाम :-

२. शैक्षिक योग्यताको प्रमाणपत्र- Mark sheet & Cha ठेगाना:-

३. कार्य अनुभव पत्र, दस्तखत:- मो.नं.

अनुसूची -२

दफा ५ (२) सँग सम्बन्धित

प्रसुति बिदा सट्टा शिक्षकका लागि सूचिकृत हुने सम्वन्धी निवेदन ढाँचा

| क.स. | प्रसुति सट्टा शिक्षकको नाम,थर | ठेगाना | अध्यापन गर्न इच्छुक वडा प्राथमिकीकरण | | | | | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने

प्रमाणित गर्ने